मेचीनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, ईटाभट्टा
झापा जिल्ला, कोशी प्रदेश नेपाल
**Mechinagar Municipality**
**Office of the Municipal Executive**
**Itabhatta, Jhapa District Koshi, Nepal**

प.स:२०८३/०८४
च. न (कृषि विकास शाखा): २९२९

मितिः२०८३।०६।१९

प्रथम पटक प्रकाशित मिति : २०८३।०६।१९

विषय : माग आवेदन पेश गर्ने सम्बन्धमा ।

प्रस्तुत विषयमा मेचीनगर नगरपालिकाको चालु आ.व. २०८३/८४ को स्वीकृत वार्षिक नगर विकास योजना अन्तर्गत तपशिलको कार्यक्रम कार्यान्वयनका लागि यस कार्यक्रममा सहभागी हुन इच्छुक कृषक/ कृषि फर्म/कृषि समुह/ सहकारीहरुले यो सुचना प्रकाशन भएको मितिले १५ दिन भित्र नगरपालिका कृषि विकास शाखामा तथा सम्बन्धित वडा कार्यालयमा तोकिएको ढांचामा माग आवेदन पेश गर्न हुन संवन्धित सवैको लागि यो सुचना प्रकाशन गरिएको छ ।

तपशिल :
कार्यक्रमको नाम : "प्राङ्गारिक खेति प्रवर्द्धन गर्न प्राङ्गारिक/जैविक मल अनुदान कार्यक्रम" ( लागत सहभागिता – २५ % )

माग गर्न सकिने प्राङ्गारिक तथा जैविक मलहरु :

| क्र.सं. | विवरण |
|---|---|
| १ | धुलो प्राङ्गारिक मल |
| २ | दानादार प्राङ्गारिक मल |
| ३ | गड्यौली मल |
| ४ | जिवाणु मल |

निवेदनसँग पेश गर्नुपर्ने आवश्यक कागजातहरु :
१. आफ्नो नाम, ठेगाना र सम्पर्क नं. खुलेको तोकिएको ढांचाको निवेदन ।
२. कृषक समुह, कृषि फर्म, संस्थाहरुको हकमा दर्ता प्रमाणपत्र, स्थायी लेखा नं. (पान नं.) र करचुक्ता प्रमाणपत्रको प्रतिलिपि ।
३. समुह/संस्थाहरुको हकमा कार्यक्रममा भाग लिन गरेको निर्णयको प्रतिलिपि ।
४. आवेदकले खेति गर्ने जग्गाको धनिपुर्जा वा भाडाको जग्गा भए सोही अनुसारको कागजपत्र ।
५. चालु आर्थिक वर्षको सम्पति कर तिरेको रसिदको प्रतिलिपी ।

नोट : कार्यालयमा पेश गर्ने आवेदनको ढाँचा मेचीनगर नगरपालिका कृषि विकास शाखा तथा सम्बन्धित वडा कार्यालयवाट प्राप्त गर्न सकिनेछ तथा मेचीनगर नगरपालिकाको वेवसाईट र फेसबुक पेजमा पनि उपलब्ध छ । रित नपुगी पेश भएका आवेदन उपर कारवाही हुने छैन ।

वोधार्थ : श्री सुचना प्रविधि शाखा – मेचीनगर नगरपालिकाको वेवसाईट र फेसबुक पेजमा अपलोड गर्नुहुन ।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

.................
कविता पौडेल

**कविता पौडेल**
**कृषि अधिकृत**
**अधिकृतस्तर छैठौं**

Scanned with CamScanner

मितिः .................

श्रीमान ....................................... ज्यू
मेचीनगर नगरपालिका,
इटाभट्टा, झापा

विषयः- आवेदन / प्रस्ताव पेश गरिएको बारे।

महोदय,

प्रस्तुत विषयमा तहाँ कार्यालयबाट मिति ................................ गते प्रकाशित सूचना बमोजिम ....................................... कार्यक्रममा सहभागी हुने योग्यता पुगेकोले कार्यक्रमको मापदण्ड बमोजिमको शर्तहरुको अधिनमा रही कार्यक्रम संचालन गर्न निम्न बमोजिमको कागजातहरु यसै पत्रसाथ संलग्न गरी तपशिलको परिमाणमा प्रांगारिक मलको माग पेश गरेको छु/ छौं । मैले/हामीले अनुदान सहयोग प्राप्त गरेमा निर्धारित प्रकृया अनुसार सम्बन्धित नगर भित्रै रही कार्य गर्नेछु। पूनश्चः तपसिल अनुसारका कागजातहरु यसै निवेदनसाथ संलग्न राखेको व्यहोरा समेत अनुरोध गर्दछु। साथै लागत सहभागिताको रकम पचिस प्रतिशत ( २५%) व्यहोर्ने प्रतिवद्धता जनाउदछु ।

<u>तपशिल</u>

| क.स. | बिवरण | एकाई | परिमाण | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

स्वघोषणा : यसै प्रकृतिका कार्यका लागि मैले/हामीले यस कार्यालय बाहेक अन्य संघसंस्थाबाट अनुदान लिएको छैन भनी स्वघोषणा गर्दछु/गर्दछौं। झुट्टा ठहरेमा प्रचलित ऐन कानून बमोजिम सहने छु/छौं ।

निवेदकको नाम :
दस्तखतः
मितिः
सम्पर्क नः

CS Scanned with CamScanner